# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| समूहः | ११ | जिल्ला विकास समितिको कोड | | |
| | | | | |

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याइ (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति | १ | पूर्वयोजना तर्जुमा गोष्ठी गरी नपा तथा गाविसलाई वजेट सिलिङ्ग र मार्गदर्शन गत आ.व को मार्ग मसान्त भित्रै पठाएको | ✔ | | ३ख्बिगभ१ | मिति ०६९।८ १३ मा पूर्व योजना तर्जुमा गोष्ठी सम्पन्न गरेको । गोष्ठीमा राजनीतिक दल, विषयगत कार्यालय, गाविस सचिव, पार्टनर गैससहरु, लगायत ७७ जनाको उपस्थिति । पूर्व योजना तजुमा गोष्ठीको समयमा रायोआ र मन्त्रालयबाट बजेट सीमा र मार्गदर्शन प्राप्त भैनसकेको अवस्था हुदा आ.ब. ०६९।७० को बिनियोजनलाई आधार मानि १० % बृद्धि गरी बजेट सीमा कायम गर्ने र सो का आधारमा योजना छनौट गर्न, प्राथमिकीकरणका आधार सहित २२ बुदे मार्गदर्शन र बजेट सिमा सबै ४६ गाविस र नगरपालिकालाई पठाउने निर्णय गरेको । उल्लेखित निर्णयको आधारमा च.नं. १२१७ मिति ०७०।८।२१ को पत्रबाट गाविसको हकमा गाविस सचिवलाई बुझाएको र नपामा कार्यालय सहयोगि मार्फत बुझाएको । गाऊपरिषद् सम्पन्न भैसकेपछि मिति .२०६९।१०।१५ मा जिविसमा बसेको सर्वपक्षीय भेलाले मिति ०६९।१०।२६ देखि ऐ २९ गतेसम्ममा १३ वटै इलाकामा ईलाकास्तरीय योजना तर्जुमा गोष्ठीगर्ने स्थान र मिति तय गरेको । यस जिल्लामा पूर्वाधार विकास समिति, जनसंख्या तथा सुामाजिक विकास समति, आर्थिक विकास समिति, संस्थागत श्रोत तथा क्षमता विकास समिति र बन तथा बातावरण विकास समिति गरी ५ वटा विषयगत योजना तर्जुमा समितिहरु रहेको र सबै ईलाका स्तरीय योजना तर्जुमा समितिलाई आफ्नो ईलाकाभित्रका गाविसलाई समेट्ने गरी प्रत्येक विषयगत समिति मातहत ४ वटा योजनाहरु प्राथमिकता तोकेर सिफासि गर्न निर्देशन दिएको र सोहि अनुसार योजनाहरु छनौट गरी प्राथमिकता समेत निर्धारण गरी पठाएको, जस अनुसार प्रत्येक ईलाकाबाट ५ समिति गुना ४ योजना वरावर २० । १३ ईलाका गुना २० बराबर २६० योजनाहरु छनौट गरी सिफारिस गरेको । ईलाका स्तरीय योजना तर्जुमा गोष्ठीमा ईलाका नं १ मा मिति ०६९।१०।२९ मा ६४, ईलाका नं २ मा मिति १०।२७ मा ५८,ईलाका नं ३ मा मिति १०।२६ मा ७१, ईलाका नं ४ मा मिति १०।२७ मा ८६, ईलाका नं ५ मा मिति १०।२६ मा४५, ईलाका नं ६ मा मिति १०।२९ मा ५०, ईलाका नं ७ मा मिति १०।२८ मा ६१, ईलाका नं ८ मा मिति १०।२९ मा ५२, ईलाका नं ९ मा मिति १०।२८ मा ४७, ईलाका नं १० मा मिति १०।२८ मा ८५, ईलाका नं ११ मा मिति १०।२८ मा ८२, ईलाका नं १२ मा मिति १०।२७ मा ६३ र ईलाका नं १३ मा मिति १०।२६ मा ७० जनाको उपस्थिति रहेको ।<br>विषयगत योजना तर्जुमा समिति मिति ०६९।११।१४ र १५ गते विषयगत योजना तर्जुमा समितिको बैठक सम्पन्न भएको जसमा राजनीतिक दल, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, महिला, आदिवासी, जनजाती, दलित, पछिडिएका वर्ग, विषयगत कार्यालय प्रमुख एवं प्रतिनिधिहरु सहित पूर्वाधार विकास समितिमा ४८ जनाको, सामाजिक समितिमा ४६ जनाको, आर्थिक समितिमा २८ जनाको, संस्थागत श्रोत तथा व्यवस्थापन समितिमा २४ जनाको र बन तथा बातावरण समितिमा २३ जनाको उपस्थिति रहेको । विषयगत समितिले ईलाकास्तरबाट प्राथमिकता निर्धारण गरी सिफारिस भै आएका योजनाहरु माथि छलफल गरी एकिकृत योजना तर्जुमा समितिको बैठकमा पेश गर्ने सिफारिस गरेको । मिति ०६९।११।२८ मा स्थानीय विकास अधिकारीको संयोजकत्वमा एकिकृत योजना तर्जुमा समितिको बैठकमा विभिन्न क्षेत्रका सरोकारवाला ६४ जनाको उपस्थितिमा बसेको र आ.ब. ०७०।७१ को बार्षिक जिल्ला विकास योजना जिल्ला परिषद्मा पेशगर्न जिल्ला विकास समितिलाई सिफारिस गरेको । मिति ०६९।११।३० मा जिल्ला परिषद्को बैठक बसि आ.ब. ०७०।७१ को लागि जिल्लाको कुल १,२४,०१,५०,०००। को बजेट तथा जिल्ला विकास समिति तर्फको रु. ६१,०९,०४,३८०। को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरेको । बजेटका श्रोत र बाडफाड निम्न ?अनुसार रहेको ।<br>श्रोत बजेट रकम रु<br>आन्तरिक आय राजस्व बाडफाड सहित ३,७७,०५,०००।<br>बैदेशिक सहयोग भारतीय दूतावास ४,५०,००,०००।<br>सरकारी अनुदान (गाविस अनुदान र सामाविक सुरक्षा कार्यक्रम सहित) ५२,८१,९९,३८०<br>कूल जम्मा ६१,०९,०४,३८०।<br>कूल बजेटमध्ये पूजिगत खर्च ३६,५३,२८,३८०।<br>चालुखर्च २४,५५,७६,०००।<br>कूल जम्मा ६१,०९,०४,३८०।<br>सबै कार्यक्रमको प्रस्तावित बजेट आयोजनागत रुपमा बाडफाड गरेको बजेट तथा कार्यक्रम पुस्तिकाबाट पुष्टी भएको । रु. ५० लाखभन्दा बढी लागतका योजनामा च्द्धम्ए कार्यक्रम तर्फका २ वटा क्रमागत सडक रहेको र ती सडकहरुको सम्भाव्यता अध्ययन, विस्तृत डिजाईन एंवं लगत स्टमेटका आधारमा बजेट विनियोजन गरेको पाइयो । त्यस्तै स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तरगत शालग्राम करिडोर सडक निर्माणको लागि रु. ७८,३०,००। बजेट विनियोजन गरेको तर उक्त योजनाको सम्भाव्यता अध्ययन, डिटेल डिजाईन तथा लगत स्टमेट पहिले नभई प्रत्येक वर्ष विनियोजन हुने बजेटका आधारमा गर्ने गरेको पाईयो । परिषद्बाट स्वीकृत आ.ब. | नपा र गाविसलाई मार्गदर्श तथा बजेट सिमा पठाएका पत्रको अफिस कपिहरु, ईलाका स्तरीय योजना तर्जुमा समितिका माईन्यूटहरु, जिविस बोर्ड र परिषद्का निर्णय पुस्तिनकाहरु |
| | | इलाका स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत योजना तर्जुमा समिति र एकिकृत योजना तर्जुमा समितिको वैठक गरी फागुन मसान्त भित्र जिल्ला परिषद्बाट वार्षिक कार्यक्रम र बजेट स्वीकृत भएको । | ✔ | | | | |
| | | भौतिक पुर्वाधार विकासका रु ५० लाख वा सो भन्दा वढि लागतका आयोजनाहरु परिषदवाट स्वीकृत हुनु अगावै सम्भाव्यता अध्ययन गरेको । | ✔ | | | | |
| | | जिल्ला परिषद्ले आयोजनागत, कार्यक्रमगत रुपमा बजेट विनियोजन गरेको । | ✔ | | | | |
| | | परिषद्बाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटको विवरण तालुक विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई चैत्र १० गते भित्र पठाएको । | ✔ | | | | |

मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको एक , दुई र चार कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ ।

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| समूहः | ११ | जिल्ला विकास समितिको कोड | | |
| | | | | |

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| वार्षिक प्रगति समीक्षा | २ | वार्षिक प्रगति समिक्षाका लागि सबै सरोकारवालाहरुलाई आमन्त्रण गरेका । | ✔ | | ३ख्रीगभ१ | मिति ०६९।५।५ र ६ गते वार्षिक प्रगती समीक्षा गोष्ठी सम्पन्न भएको । राजनीतिक दल, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, महिला, आदिवासी, जनजाती, दलित, पछिडिएका वर्ग, विषयगत कार्यालय प्रमुख, गैसस प्रतिनिधि सहित ६४ जनाको उपस्थिति रहेको र दुईवटा निर्णयहरु गरेको । निर्णयहरुमा सबै कार्यालयहरुको प्रगती समीषा सनतोषजनक रहेको र प्रगती समीक्षाकै उपस्थितीमा सार्वजनिक सुनुवाई समेत गरेको व्यहोरा माईन्युटबाट देखिएको । प्रगती समीक्षा बैठकमा उपस्थित हुन च.नं. २६५ मिति ०६९।४।३१ को पत्रबाट राजनीतिक दल, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, महिला, आदिवासी, जनजाती, दलित, पछिडिएका वर्ग, विषयगत कार्यालय प्रमुख, गैसस लगायतका सरोकारवालाहरुलाई आमन्त्रण गरेको पत्र कार्यालय सहयोगि मार्फत बुझाएको । समीक्षा बैठकको प्रतिवेदन तयार गरेकोसम्म पाईयो तर उक्त प्रतिवेदन मन्त्रालयमा पठाएको मिति एकिन हुन सकेन । साथै समीक्षा बैठकको सारांश तयार गरी मिति ०६९।५।८ को उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेर तथा मिति ०६९।५।७ मा रेडियो भानुभक्तबाट प्रशारण गरेर सार्वजनिक गरेको पत्रिकाको अंक अवलोकन तथा रेडियो भानुभक्त एफ.एम को प्रतिवेदनबाट एकिन गरिएको । | समीक्षा बैठकको निर्णय पुस्तिका, बैठकमा आमन्त्रण गरेका पत्र एवं सूचनाहरु, योजना शाखामा रहेका चलानी तथा भर्पाई पत्रहरु आदि । |
| | | सरोकारवालाहरुको उपस्थितिमा गत आ.व.को पहिलो चौमासिक अवधि भित्र वार्षिक प्रगती समीक्षा सम्पन्न गरेको । | ✔ | | | | |
| | | समीक्षाको सारांश सम्पन्न भएको मितिले १५ दिन भित्र web site र सुचनापाटी मार्फत सार्वजनिक गरेको । | | ✔ | | | |
| | | समीक्षा प्रतिवेदन तयार गरी सम्पन्न भएको मितिले १ महिना भित्र मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | | सरोकारवालाहरु भन्नाले विषयगत कार्यलय, स्थानीय स्तरमा क्रियाशील राजनीतिक दल, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि , जिल्ला योजनामा समावेश भएका गैरसरकारी संस्थाहरु, उद्योग वाणिज्य संघ आदिलाई जनाउदछ । | ✔ | | | | |
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको एक र दुई कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ । | | | | | | | |
| वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन | ३ | जिल्ला विकास कोषको गत आ.व.को वार्षिक आर्थिक विवरण चालु आ.व. शुरु भएको ३५ दिन भित्र मन्त्रालय र को.ले.नि.का मा पठाएको । | ✔ | | भएको | जिल्ला विकास कोषको आ.ब. ०६९।७० को आर्थिक बिवरण प्रमाणित गरी पठाईदिन जिविसको च.नं. २० आ.प्र. मिति ०६९।४।२१ को पत्रबाट कोलेनिका मा पठाई संघीय मामिला तथा स्थाविमं आ.प्र.शाखामा बोधार्थ पठाएको अफिस कपीबाट एकिन गरिएको । आ.ब. ०६९।७० को प्रथम चौमासिक प्रगती च.नं. ११७६ मिति ०६९।८।६ को पत्रबाट, मन्त्रालयको स्थानीय निकाय सहयोग शाखामा पठाई कोलेनिकामा बोधार्थ दिएको अभिलेखबाट देखियो । त्यस्तै दोस्रो चौमासिक प्रगती बिवरण च.नं ३०७४ मिति ०६९।१२।५ बाट र तेस्रो चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन च.नं. १७६ मिति ०७०।४।१५ को पत्रबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाएको पाईयो । | आ.प्र. शाखा र योजना शाखामा रहेका अभिलेख एवं चलानी पत्रहरु । |
| | | प्रथम चौमासिक प्रगति गत आ.व. को मार्ग ७ गते भित्र मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | | दोश्रो चौमासिक प्रगति गत आ.व. को चैत्र ७ गते भित्र मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | | तेस्रो चौमासिक तथा वार्षिक प्रगति चालु आ.व. को श्रावण १५ गते भित्र मन्त्रालयमा पठाएको | ✔ | | | | |
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ । | | | | | | | |

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| **समूहः** | **११** | **जिल्ला विकास समितिको कोड** | | |

| **सूचक** | **सूचक नं** | **सूचक** | **छ** | **छैन** | **न्यूनतम शर्त पुरा** | **व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।)** | **श्रोतहरु** |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक लेखापरीक्षण र गाविसको अन्तिम लेखा परीक्षण | ४ | आन्तरिक लेखा परीक्षण शाखा क्रियाशिल भई जिविसको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गर्ने गरेको | ✔ | | भएको | स्थाई आ.ले.प.अधिकृत श्री सुनिल पाण्डेले जिविसको आ.ब. २०६९।७० को लेखाको परीक्षण गरी चौमासिक प्रतिबेदनहरु दिने गरेको । तेश्रो चौमासिक प्रतिवेदन २०७०।१०।१० मा दर्ता नं २९४१ बाट पेश गरेको छ । सबै गविसको आ.ब.२०६८।६९ का लेखाको आन्तरीक लेखा परीक्षँण गरी मिति २०६९।६।२८ भित्र प्रतिबेदनहरु प्राप्त भएकाले अन्तिम लेप गर्न गाविसहरुबाट मिति २०६९।८।१ गते २०६८।९।१ भित्र सिफारिस पेश गर्न निर्देशन दिएकोमा प्राप्त सिफारिसको आधारमा २०६९।०९।०२ मा लेखापरीक्षकहरु नियुक्त गरेको । लेखापरीक्षकबाट ले.प.भएका सबै प्रतिबेदन प्राप्त भएको १५ दिन भित्र स्थानिय विकास अधिकारी समक्ष पेश भएका छन । सब भन्दा पछि आबुखैरेनि गा.वि.स.को प्रतिबेदन २०७०।४।२४ मा प्राप्त भएको छ । | आलेप र अन्तिम लेखापरीक्षण प्रतिवेदनहरु |
| | | जिविसले जिल्ला भित्रको गाविसहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को आन्तरिक लेखापरीक्षण गत आ.व. को पहिलो चौमासिक भित्र गरि सकेको | ✔ | | | | |
| | | जिविस र गाविसको आन्तरिक लेखा परीक्षण प्रतिवेदन कार्य सम्पन्न गरेको पन्ध्र दिनभित्र स्थानीय विकास अधिकारी समक्ष पेश गरेको | ✔ | | | | |
| | | गाविसहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षण सम्पन्न गर्न गत आ.व. को पहिलो ६ महिना भित्र लेखापरीक्षक नियुक्त गरि सकेको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका**

| समूहः | ११ | जिल्ला विकास समितिको कोड | | |
|---|---|---|---|---|

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि प्रथमको हकमा आलेप शाखा क्रियाशिल रहेको भए " छ "मा ठिक ( ✔ ) चिन्ह लगाउने , दास्रोको हकमा गत भन्दा अघिल्लो आ.व. को गाविसहरुको आलेप गत वर्ष सम्पन्न गरेको " छ "मा ठिक ( ✔ ) चिन्ह लगाउने , तेस्रोको हकमा नगरे पनि पुरा भएको मानिने र चौथोको हकमा गाविसहरुको गतभन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरिक्षण गत आ.व. मा सम्पन्न हुने गरी लेखापरिक्षक नियुक्ति गरिसकेको भएमा सूचक पुरा हुने । | | | | | | | |
| जिल्ला विकास कोषको खाता सञ्चालन | ५ | जिल्ला विकास समितिमा प्राप्त भएको सवै रकम गैर कार्य संचालन खाता (Non-operating Account)(ग ४) मा जम्मा गरेको । | ✔ | | भएको | जि.वि.स.कोषमा प्राप्त सबै रकम गैर कार्य सन्चालन खाताहरु नेबैलि डमौलि शाखाको ग.४।३।६४१९ आन्तरीक आय ग ४।४।६४३५ राजस्व बाडफाड खाता र ग ४।५।६४४३ अनुदान खातामा जम्मा गरी परीषदबाट स्विकृत बार्षिक योजना तथा कार्यक्रममा खर्च गर्न कार्य संचालन खाताहरु ग २।१०१।४८६५ चालु खाता ग २।२०१।५३७४पूजिगत खाता र ग ३०१। ५८८७ धरौटि खाता मा रकम ट्रान्सफर गरी खर्च गर्ने गरेको छ। आब २०६९।७० मा कार्य संचालन खातामा बाकि रहेको रकम गैर कार्य संचालन खातामा ट्रान्फर गरी सुन्य गरेको छ। आ.ब.को अन्तमा बाकि रहेको नेपाल सरकारबाट प्राप्त शसर्त र निशर्त रकम रु १,६०,४४,४६१।५२। फ्रिज गरेको छ। | जिविसका खाताहरु, आ.ब. ०६९।७० को आर्थिक विवरण |
| | | जिल्ला परिषदवाट स्वीकृत कार्यक्रम अनुसार संचालन खाता (Operating Account) (ग २) मा निकासा दिई खर्च गरेको । | ✔ | | | | |
| | | आर्थिक वर्षको अन्तमा संचालन खाता (Operating Account)सुन्य गरेको | ✔ | | | | |
| | | आर्थिक वर्षको अन्तमा फ्रिज गर्नुपर्ने सवै रकम फ्रिज गरेको | ✔ | | | | |
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ। | | | | | | | |
| सूचना अभिलेख तथा व्यवस्थापन | ६ | सूचना तथा अभिलेख केन्द्रको स्थापना गरेको | ✔ | | ३ख्बिगभ१ | जिविसमा सूचना तथा अभिलेख शाखा स्थापना भएको र उक्त सूचनाकेन्द्रमा कामगर्न कार्यक्रम अधिकृत राजेन्द्र कार्किलाई च.नं. १६४मिति ०६९।४।१६ को पत्रबाट जिविसको सूचना अधिकारी भै कामगर्न तोकिएको पत्र अवलोकन। आ.ब. ०६९।७० मा सूचनाकेन्द्रबाट २३ वटा सूचनाहरु विभिन्न व्यक्ति÷संस्थालाई उपलब्ध गराएको उक्त शाखामा रहेको अभिलेखबाट एकिन गरिएको। सूचनाकेन्द्रमा कार्यविधिमा तोकिए अनुसारका मलेप, आलेप प्रतिवेदनहरु, सार्वजनिक सुनुवाई प्रतिवेदनहरु, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाहरु, चौमासिक , वार्षिक प्रगती बिबरण एवं समीक्षा प्रतिवेदनहरु, जिविसबाट प्रकाशन भएका बुलेटिनहरु दर्ता गरेर राखेको पाईयो। उदाहरणको लागि आ.ब. ०६८।६९ को मलेप प्रतिवेदन दर्ता नं. दर्ता नं. ७० मिति ०७०र६।९, आलेप प्रतिवेदन ०६९ दर्ता नं. ३३ आदि। यस जिविसमा वेभसाईट ०६५ देखिनै संचालनमा रहेको। www.ddctanahu.gov.np मा | सूचना तथा अभिलेखकेन्द्र र त्यहाँ रहेका सम्बिन्धत अभिलेखहरुको अवलोकन, |
| | | सूचनाको हक सम्वन्धी ऐन बमोजिम सूचना अधिकारी तोकिएको | ✔ | | | | |
| | | सूचना अधिकारी मार्फत सूचना उपलब्ध गराउने व्यवस्था गरिएको | ✔ | | | | |
| | | पछिल्ला दुई आ.व. को वार्षिक जिल्ला विकास योजना, समिक्षा प्रतिवेदन, वार्षिक लेखा परीक्षण प्रतिवेदन (आलेप मलेप दुवै) दर्ता गरी व्यवस्थित रुपले सूचना तथा अभिलेख केन्द्रमा राखिएको | ✔ | | | | |
| | | Web site संचालनमा ल्याएको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| समूहः | ११ | जिल्ला विकास समितिको कोड | | |

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको एक, दुई, तीन र चार कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ। | | | | | | [illegible] www.ddctanahu.gov.np मा जिविसका सूचनाहरु अद्यावधिक गर्दै आएको । पछिल्लो सूचना जिल्ला परिषद् २०६९।११।२३ को निर्णयहरु मित ०६९।११।२४ मा वेभसाईटमा अद्यावधिक गरेको । ०७०।७१ मा सा.सु. भत्ता पाउनेहरुको अद्यावधिक नामावली ०७०।१२।२ मा राखेको । जिविसमा नयाँ सूचना उत्पादन भएपछि वेभसाईटमा राख्ने गरेको । वेभसाईटमा जिविस र जिल्ला परिषद्का निर्णयहरु, भत्ता पाउनेहरुको नामावली विवरण, व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन, वार्षिक प्रगती प्रतिवेदन, समीक्षा प्रतिवेदन, जिविसको मुखपत्र स्थानीय विकास सन्देश लगायतका विषयवस्तुहरु राखेको पाईयो । | |

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | |
|---|---|---|---|
| समूहः | ११ | जिल्ला विकास समितिको कोड | |

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| अन्तिम लेखापरीक्षण र बेरुजुको अभिलेख | ७ | गत आ.व. भन्दा अघिल्लो आ.व. को लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरिक्षण गराएको | ✔ | | भएको | अन्तिम लेखा परिक्षणका लागि आ. व. २०६८/६९ को आ. वि. मिति २०६९।८।३० मा पेस भएको देखिन्छ भने अन्तिम लेखा परिक्षण मिति २०६९।९।१५ मा सम्पन्न भएको देखिन्छ । लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन मिति २०६९/०९/२२ मा प्राप्त भएको र उक्त प्रतिवेदन उपर मिति २०६९/१०/२४ मा (च.न.२६९७ को पत्र) प्रतिकृया पठाएको देखिन्छ। आ. व. २०६८/६९ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा मिति २०६९/११/३० मा वसेको आ.व. ०७०/७१ का लागि वसेको जिल्ला परिषदबाट भएको मुख्य निर्णयमा म. ले. प. प्रतिवेदन ले औल्याएको टिप्पणी उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरेको देखिन्छ । लेखापरिक्षण प्रतिवेदनले उक्त प्रतिवेदनमा कोष तर्फ १० वटा र केन्द्रिय अनुदान तर्फ १८ वटा विषयमा टिप्पणी गरेको र उक्त टिप्पणी प्रति मिति २०६९।१०।२४ मा २८ वटै विषयको प्रतिकृया पठाएको देखिन्छ । अन्तिम लेखा परिक्षण प्रतिवेदन मिति २०६९।११।२३ मा प्राप्त भएको देखिन्छ। लेखा परिक्षणमा आ. व. २०६८/६९ को कुल बेरुजु रु. ८९४०३१४४.४३/– पेश्कि वेरुजु रु ७७०९४७८१.७६/–र अन्य वेरुजु रु १२३०८३६२.५८ /–देखिन्छ<br>गत आ.व ०६९/७० सम्मको कुल बेरुजु रु.१६८१०२८१३.३० /–, पेश्कि वेरुजु रु १६३९५००९६.९८ /–र अन्य वेरुजु रु७७३२८४५७.५२ /– (फर्स्योट रु ७२२९४७५०.५३) देखिन्छ । उक्त वेरुजुको अभिलेख तोकिएको ढाँचामा राखेको दखिन्छ। | म. ले. प. प्रतिवेदन, जिल्ला परिषदको निर्णय पुस्तिका |
| | | अन्तिम लेखा परीक्षण प्रतिवेदन परिषद्मा प्रस्तुत भई छलफल तथा निर्णय गराएको | ✔ | | | | |
| | | अन्तिम ले.प. प्रतिवेदनमा औंल्याएका विषयहरु (सबै कार्यक्रम/आयोजना कोष अनुदान समेतको बेरुजु ) उपर प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र प्रतिकृया पठाएको | ✔ | | | | |
| | | बेरुजुको अद्यावधिक विवरण आर्थिक प्रशासन नियमावलीको नियम ६० अनुसूची ७५ बमोजिम अद्यावधिक गरी राखेको | ✔ | | | | |
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ । | | | | | | | |
| | | गत आ व सम्म आफ्नो हकभोगमा रहेको खर्च भएर जाने र खप्ने सामानको छुट्टाछुट्टै जिन्सी किताबमा आम्दानी बाँधी राखेको | ✔ | | | खर्च हुने र नहुने भिन्दा भिन्दै जिन्सि खाता राखेको छ । २०६९।७० का जिन्सिको अनुगमन तथा प्रशासकिय अधिकृत श्री गणेस धिमिरेले निरीक्षण गरी द.नं.२२१५ मिति २०६८।८।०६मा प्रतिवेदन दर्ता भएको । प्रतिबेदनमा जिन्सि सामानको उचित संरक्षण भएको आम्दानी बाध्न छुट भएका समान नदेखिएको र मर्मत गर्नु पर्ने ६६ लिलाम गर्नु पर्ने १२३ किसिमका सामान देखाइएको छ । लिलाम गर्नु पर्ने सामान सेति मोदी राष्ट्रिय दैनिकमा २०७०।२।२६ मा सुचना प्रकासित | जिन्सी शाखाको अभिलेख |
| | | गत आ.व.मा जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| **समूहः** | **११** | **जिल्ला विकास समितिको कोड** | | |
| | | | | |

| **सूचक** | **सूचक नं** | **सूचक** | **छ** | **छैन** | **न्यूनतम शर्त पुरा** | **व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।)** | **श्रोतहरु** |
|---|---|---|---|---|---|---|---|
| जिन्सी व्यवस्थापन | ८ | सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदनमा निम्न कुराहरु उल्लेख भएको | | | भएको | गरी २०७०।३।७मा लिलाम बढाबढ गरी प्राप्त रकम रु ७०,०००। सोहि मितिमा रनं ३३६९ बाट खातामा दाखिल भएको देखिन्छ । | |
| | | ● जिन्सी किताबमा आम्दानी नबाँधिएका सामानहरु भए सोको विवरण | | | | | |
| | | ● मालसामान संरक्षण र संभार व्यवस्थाको अवस्था उल्लेख | | | | | |
| | | ● मर्मत गर्नु पर्ने र लिलाम गर्नु पर्ने भए सो सामानको विवरण | | | | | |
| | | प्रतिवेदनमा उल्लेख भए वमोजिम मर्मत सम्भार वा लिलाम विक्री गर्नुपर्नेमा गरेको र आम्दानी वाँध्न छुट भएको सामान भए आम्दानी वाँधेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ । | | | | | | | |
| कर्मचारी व्यवस्थापन | ९ | ऐनको दफा २४९ बमोजिमको प्रक्रिया पुरा गरि परिषदबाट दरबन्दी स्वीकृत भएको | ✔ | | ३ख्बिगभ१ | आ.ब. ०६९।७० मा कुनै पनि पदमा स्थायी पदपूर्ति गरेको पाईएन । जिविसमा रहेको दरवन्दिमा निजामती सेवा तर्फ ४ पद पूर्ति रहेको । त्यस्तै प्रशासन अनुदान तर्फको कुल २८ पदमध्ये सलेपा पद १ र अ.स.ई पद १ रिक्त रहेको, कार्यालय सहयोगि ९ पदमध्ये २ पद रिक्त रहेकोले सेवा करारमा लिई काम लगाएको । यिजविस कोष तर्फ कुल १२ दरवन्दि रहेकोमा अ.स.ई. पद १ रिक्त रहेको र हलुका सवारी चालक पद १ सेवा करारमा लिएको । स्थानीय विकास कोष तर्फ ७ पद रहेकोमा कायृकबारी सचिव १ पद सेवा करारमा लिएको अन्य पूर्ति रहेको पाईयो । पदपूर्ति समितिको अध्यक्षमा शिवदत्त ढकाल र लोकसेवा आयोगको प्रतिनिधिमा शाअ. जगत प्रसाद भूषाल तोकिनु भएको । तर उक्त आ.ब. मा पदपूर्ति सम्बन्धी कुनैपनि कारवाहि नभएको र पदपूर्ति समितिको बैठक पनि नबसेको र समितिको वार्षिक प्रतिवेदन पनि केहि प्राप्त नभएकोले निश्क्रिय प्राय रहेको पाईयो । आ.ब. ०६९।७० को जिविसको कुल आन्तरिक आय रु. २,६१,०९,५२५। रहेबको र उक्त रकमबाट प्रशासनिक कार्यमा रु. १,४२,३८,३८७ खर्च भएको पाईयो । स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ५५ बमोजिम आन्तरिक आयको २५ % मात्र खर्च गर्न पाउनेमा सो भन्दा बढी खर्च हुन गएको देखियो । | पदपुर्ति समितिको निर्णय पुस्तिका तथा प्रशासनिक खर्चको अभिलेखहरु । |
| | | आयोजनाको हकमा ऐनको दफा २५१ को पालना भएको | ✔ | | | | |
| | | स्वीकृत दरवन्दीमा प्रशासनिक खर्चको सीमा ननाघ्नेगरि पदपुर्ति समितिको सिफारीसमा नियुक्ति गरेको | | ✔ | | | |
| | | लोक सेवा आयोगको प्रतिनिधि सहितको उपस्थितिमा पदपूर्ति सम्बन्धी निर्णय गरेको | ✔ | | | | |
| | | स्वीकृत स्थायी दरबन्दी भन्दा बढि कर्मचारी नियुक्ति नगरेको | ✔ | | | | |
| | | स्वीकृत स्थायी दरवन्दीमा अस्थायी नियुक्ति नगरेको । | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

| जिविसका आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका | | | | |
|---|---|---|---|---|
| समूहः | ११ | जिल्ला विकास समितिको कोड | | |
| | | | | |

| सूचक | सूचक नं | सूचक | छ | छैन | न्यूनतम शर्त पुरा | व्याख्या र पुष्ट्याई (प्रतिवेदनमा उल्लेख गर्नुपर्ने भनिएका कुराहरु लेख्ने ।) | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| मापन तालिकाको सवै कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको " छ "मा ठिक ( ✔ ) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ । | | | | | | | |

**निष्कर्ष र सुझाव :**

| | | | |
|---|---|---|---|
| | | | |
| वित्तीय व्यवस्थापन विज्ञ<br>नाम :<br>मिति : | | स्थानीय शासन विज्ञ<br>नाम :<br>मिति : | |